

के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २५ ❑ अङ्क १२१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ जेठ १ गते मंगलबार ❑ 14 May 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## वामपन्थी शक्तिहरू वैचारिक बहसमा जुट्नुपर्दछ : मुख्यमन्त्री अधिकारी

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

गण्डकी प्रदेशका मुख्यमन्त्री एवं नेकपा (एमाले) स्थायी कमिटी सदस्य खगराज अधिकारीले व्यक्तिगत गाली-गलौज बन्द गरेर वैचारिक बहसमा जुट्न सबै वामपन्थी शक्तिहरूलाई आग्रह गर्नुभएको छ ।



'पुष्पलाल जन्म शताब्दी समारोह २०८१' द्वारा सोमबार पोखरामा आयोजित विचार गोष्ठीमा उहाँले नेपालको कम्युनिष्ट आन्दोलनमा पुष्पलालले पुऱ्याएको योगदानको उच्च कदर गर्दै मुलुक र जनताको हितका लागि वामपन्थीहरू एकठाउँमा उभिनुपर्छ भन्नुभयो ।

कम्युनिष्टहरूमा रणनीतिक रूपमा दुविधा नभए पनि कार्यनीतिका कारण पछाडि परेको जनाउँदै उहाँले भन्नुभयो, "हामी कार्यनीतिका कारण पछाडि पर्‍यौं, रणनीतिक रूपमा दुविधा छैन, अहिलेको परिस्थितिमा कसरी जाँदा ठीक ठाउँमा पुगिन्छ त्यसको विश्लेषण गर्न अपरिहार्य छ । पुष्पलाल जन्मशताब्दी समारोह समिति काठमाडौंको आयोजना तथा पुष्पलाल अध्ययन केन्द्र कास्कीको सह-आयोजनामा भएको कार्यक्रममा कम्युनिष्ट आन्दोलन लगायतमा पुष्पलालको योगदान विषयमा वाम वुद्धिजीवी तथा लेखक रामराज रेग्मी, परराष्ट्रविद् हिरण्यलाल श्रेष्ठ, र रामबहादुर भण्डारीले कार्यपत्र प्रस्तुत गर्नुभएको कार्यक्रममा दधिराज सुवेदी, गोपीरमण उपाध्याय, विश्ववन्धु भण्डारीले टिप्पणी गर्नुभएको थियो ।

पुष्पलाल जन्म शताब्दी समारोह २०८१ का संयोजक लोककृष्ण भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा पुष्पलाल अध्ययन केन्द्र कास्कीका उपाध्यक्ष सोमनाथ अधिकारी प्यासी, महासचिव भीम कार्की, नेकपा (एमाले) कास्कीका अध्यक्ष वैनबहादुर अधिकारी क्षेत्री, नेकपा (माओवादी केन्द्र) कास्कीका इञ्चार्ज रामजी बराल जीवन, राष्ट्रिय जनमोर्चाका शङ्कर बराल, नेकपा नेतृ सावित्रा दुरा आस्था, नेकपाका डा मनिष भट्टराई र पुण्य पौडेल लगायतले नेपालको कम्युनिष्ट आन्दोलनमा पुष्पलालको योगदानका बारेमा चर्चा गर्नुभएको थियो ।

## जसपाद्वारा सरकारलाई दिएको समर्थन फिर्ता

**रासस**
काठमाडौं, ३१ बैशाख

जनता समाजवादी पार्टी (जसपा) नेपालले सरकारलाई दिएको समर्थन फिर्ता लिएको छ।

जसपा अध्यक्ष उपेन्द्र यादवले आज सभामुखलाई पत्र पठाउँदै सरकारलाई दिएको समर्थन फिर्ता लिएको जानकारी गराउनुभएको हो ।

अध्यक्ष यादवले जसपाले प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' नेतृत्वको सरकारलाई दिएको समर्थन फिर्ता लिई सरकारबाट समेत बाहिरिएको बताउनुभयो ।

उहाँले आफ्नो पार्टी सरकारबाट समेत बाहिरिएकाले संसदमा प्रतिपक्षमा नै बसी रचनात्मक भूमिका निर्बाह गर्ने बताउनुभयो ।

## राजनीति देश र जनताका लागि हुनुपर्छ : उपसभापति गुरुङ

**पोखरापत्र संवाददाता**
स्याङ्जा, ३१ बैशाख

नेपाली कांग्रेसका केन्द्रीय उपसभापति धनराज गुरुङले राजनीति देश र जनतका लागि हुनुपर्ने बताउनुभएको छ ।




स्याङ्जाको वालिङ-७ बनकट्टास्थित मनकामना युवा क्लबद्वारा आयोजित पुरुष भलिबल प्रतियोगिताको शुभारम्भ गर्नुहुँदै उहाँले राजनीतिक दलहरूले दलगत स्वार्थभन्दा माथि उठेर देश र जनतालाई सर्वोपरि ठानेर अगाडि बढ्नुपर्छ भन्नुभयो । "नेपाली राजनीतिमा उलटपुलट भइरहेको छ," उहाँले भन्नुभयो, "राजनीति स्वार्थ केन्द्रित नभई देश र जनताका लागि हुनुपर्छ ।"

खेलाडीहरूको मनोबललाई उच्च बनाउन र खेल क्षेत्रलाई थप परिस्कृत बनाउँदै लैजानका लागि स्थानीयस्तरमा खेलकुदका गतिविधिहरू निरन्तर हुनु आवश्यक रहेको उहाँको भनाइ छ ।

## पोखरामा नागरिक आरोग्य कार्यक्रम सुरु

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ बैशाख

दीर्घ रोगी र ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवाको पहुँच पुऱ्याउने र उनीहरूको जीवनलाई सुखी र खुसीसहित तनावमुक्त बनाउने उद्देश्यले पोखरामा वडा नागरिक आरोग्य कार्यक्रम सुरु गरिएको छ।

पोखरा महानगरपालिकाले 'पाइलट प्रोजेक्ट'को रूपमा यो कार्यक्रम वडा नं २५ बाट थालेको हो । घरमै पुगेर ज्येष्ठ नागरिकको स्वास्थ्य जाँच गर्ने गरी उक्त कार्यक्रम शुभारम्भ गरिएको हो । प्रभावकारिता हेरेर नागरिक आरोग्य कार्यक्रम महानगरभर विस्तार गर्ने योजना महानगरपालिकाको छ । पोखरा महानगरपालिकाका प्रवक्तासमेत रहनुभएका वडा नं १५ का वडाध्यक्ष मोतीलाल तिमिल्सिनाले यस कार्यक्रमका लागि घरधुरी सर्वेक्षणको काम सकिएको बताउनुभयो । दीर्घरोगी तथा ज्येष्ठ नागरिकको अवस्था, उनीहरूको स्वास्थ्य, औषधी सेवनमा नियमिततालगायतका विषय वडाबाट खटिएका स्वास्थ्यकर्मीले जानकारी लिने उहाँले बताउनुभयो ।

ज्येष्ठ नागरिकको रक्तचाप, अक्सिजनको मात्रा, मधुमेहलगायत परीक्षणसमेत गर्ने कार्यक्रम रहेको वडाध्यक्ष तिमिल्सिनाले बताउनुभयो । यस कार्यका लागि वडालाई तीन वटा क्लस्टरमा विभाजन गरी काम थालिएको छ । आइतबारदेखि सुरु भएको अभियानको पहिलो दिन ७१ परिवारका एक सयभन्दा बढी ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण गरिएको छ । प्रयोगशाला परीक्षणसहितको उक्त सेवाले ज्येष्ठ नागरिकको स्वास्थ्य अवस्था पत्ता लगाउन र आवश्यक परेको खण्डमा उपयुक्त स्वास्थ्य सेवा तथा परामर्श दिन सहज हुने बताइन्छ । महानगर प्रमुख धनराज आचार्यले आगामी आर्थिक वर्षका लागि नीति र बजेटको तयारीमा महानगर रहेको उल्लेख गर्दै स्वास्थ्य महानगरको पहिलो प्राथमिकता रहेको बताउनुभयो । "नागरिक आरोग्य कार्यक्रमको प्रभावकारी हेरेर क्रमशः अन्य वडाका अलवा महानगरपालिका भर नै विस्तार गर्नेछौं । ज्येष्ठ नागरिकको स्वास्थ्य परीक्षण घरघरमा र अन्यको हकमा महानगरपालिकाअन्तर्गतका स्वास्थ्य संस्थामा प्रयोगशाला परीक्षणको सुविधासहित सेवा प्रदान गर्ने योजना छ", उहाँले भन्नुभयो । पोखरामहानगरपालिकाकोस्वास्थ्य महाशाखाका प्रमुख हेमप्रसाद आचार्यले स्वास्थ्यसम्बन्धी जागरण नागरिक स्तरमा आवश्यक रहेको बताउनुभयो । स्वास्थ्यकर्मीको एकल प्रयासले मात्र नागरिक सचेतना अभिवृद्धि सम्भव नरहेको उल्लेख गर्दै उहाँले आमसरोकारवाला हातेमालो गरेर अघि बढ्नुपर्नेमा जोड दिनुभयो । स्वस्थ महानगर निर्माणका लागि सबै नागरिकमा स्वास्थ्य सचेतना र सेवा पहुँच आवश्यक रहेको उहाँले बताउनुभयो ।

दीर्घरोगी र ज्येष्ठ नागरिकको जीवनलाई सुखी र खुसीसहित तनावमुक्त बनाई थप उपचारको आवश्यकता देखिएका ज्येष्ठ नागरिकलाई सुविधा सम्पन्न सेवा क्षेत्रमा प्रेषण गर्ने उद्देश्यले यस प्रकार कार्यक्रमको थालनी गरिएको हेमजा स्वास्थ्यचौकीका प्रमुख सिनियर अहेव कुशमराज सुवेदीले जानकारी दिनुभयो ।

## वर्षाका कारण मुग्लिन-पोखरा सडक आवागमनमा सास्ती

**पोखरापत्र संवाददाता**
दमौली, ३१ बैशाख

निर्माणाधीन मुग्लिन-पोखरा सडकखण्ड ढिलाइ हुँदा वर्षामा सर्वसाधारणले सास्ती बेहोर्नुपरेको छ । केही दिनदेखि परेको वर्षाका कारण राजमार्ग हिलाम्य र जलमग्न हुँदा सर्वसाधारणले सास्ती बेहोरेका हुन् ।




मुग्लिन-पोखरा सडक योजनाको पश्चिम खण्डअन्तर्गत तनहुँको म्याग्देका विभिन्न भाग हिलाम्य हुँदा सवारीसाधन सञ्चालनमा कठिनाइ भएको छ । म्याग्दे गाउँपालिकाको मौरीओडार, थर्पुलगायत ठाउँमा सवारीसाधन तथा पैदल यात्रामा समस्या बढेको स्थानीय बताउँछन्। "दुईपाङ्ग्रे सवारीसाधनलाई निकै सास्ती हुने गरेको छ । हिलोका कारण चिप्लिएर दुर्घटनासमेत हुने गरेको छ", म्याग्दे-४ मनहरिका गौरवराज रानाले भन्नुभयो। पानी परेपछि म्याग्देका विभिन्न ठाउँमा आवागमनमा निकै सास्ती हुने गरेको भन्दै निर्माणमा ढिलासुस्ती हुँदा नागरिकलाई सास्ती भएको उहाँको भनाइ छ । रानाका अनुसार थर्पु बजारबाट अकला मन्दिरसम्मको भागमा काम नहुँदा समस्या भएको छ।

अधिकांश ठाउँमा एकतर्फी कालोपत्र भए पनि थर्पु बजारबाट अकलासम्मको भागमा कामको गति शून्य रहेको उहाँको भनाइ छ । उहाँले भन्नुभयो, "म्याग्देको रिठ्ठेपानीमा सडक नै जलमग्न छ । साना सवारीसाधन आवतजावतमा समस्या हुँदै आएको छ ।" मुग्लिन-पोखरा सडक प्रयोग गर्दै पोखरातर्फ जानेले भने वैकल्पिक सडक प्रयोग गर्न सकन्छन् । यो सडकमा धुलो र हिलोले सास्ती खेप्न थालेपछि सर्वसाधारणले वैकल्पिक मार्ग प्रयोग गर्न थालेकाछन्।सदरमुकामदमौलीको भोर्लेटारचोकबाट कलेस्ती, लमजुङको मध्य नेपालको दुइपिप्ले, न्यौपानेवेशी, कास्कीको रुपा गाउँपालिकाको पोल्याङ, देउराली, राजाको चौतारा, पोखरा महानगरपालिकाको शिशुवा हुँदै पोखरा निस्कन सकिन्छ। यो सडक पूरै कालोपत्र गरिएको छ । धुलो र हिलोको सास्ती रहेकाले आफू यही मार्ग हुँदै पोखरा आवतजावत गर्ने गरेको दमौलीका सुदीप मोहम्मदले बताउनुभयो । उहाँले भन्नुभयो, "अहिलेको अवस्थामा पृथ्वीराजमार्ग हुँदै पोखरा जानसक्ने अवस्था छैन। वैकल्पिक सडक प्रयोग गरी पोखरा जाने गरेको छु । बाटो सफा छ, कालोपत्र छ । धुवाँधुलो केही छैन ।" पृथ्वीराजमार्गको अवस्थाका कारण आजभोलि धेरैजसो साना तथा निजी सवार ीसाधन यही बाटो हुँदै आवजावत गर्नेक्रम बढेको छ । पर्यटक बससमेत यही बाटो हुँदै पोखरा पुग्ने र पोखराबाट दमौली हुँदै काठमाडौ जाने गरेका छन् । दमौलीबाट पृथ्वीराजमार्ग हुँदै पोखरा जाँदा ४९ किलोमिटर दूरी छ भने दमौलीबाट पोल्याङ हुँदै पोखरा पुग्न ५९ किलोमिटर पर्दछ।

मुग्लिन-पोखरा सडकको पूर्वी खण्डमा केही प्रगति भए पनि पश्चिम खण्डमा प्रगति निराशाजनक छ । पूर्वी खण्डअन्तर्गत आँबुखैरेनीबाट जामुनेसम्म ५६ र पश्चिम खण्डअन्तर्गत जामुनेबाट पोखरासम्म २३ प्रतिशत प्रगति भएको पूर्वी खण्डका इञ्जिनियर विष्णुप्रसाद पाण्डेले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वी खण्डको म्याद अवधि वैशाख २ गतेदेखि सकिएको छ भने पश्चिम खण्डको म्याद चार महिना बाँकी छ।

पूर्वी खण्डको म्याद सकिए पनि कामलाई निरन्तरता दिइएको पाण्डेले बताउनुभयो । यो खण्डमा विसं २०७७ माघ १७ गते सम्झौता भई विसं २०७८ वैशाख २ गतेदेखि काम सुरु भएको थियो । पूर्वी खण्डको ठेक्का चाइना कम्युनिकेशन कन्स्ट्रक्सनले पाएको थियो ।

पश्चिम खण्डको म्याद अवधि विसं २०८१ भदौ १२ गतेसम्म रहेको छ । यो खण्डमा विसं २०७८ जेठ २ गते सम्झौता भई विसं २०७८ भदौ १२ गतेदेखि काम सुरु भएको थियो । यो खण्ड निर्माणको जिम्मा चिनियाँ कम्पनी यनहुइ काइयुयान हाइवे एन्ड ब्रिज कन्सट्रक्सनले पाएको छ ।

# एलजी एशोसियसन कास्की लिग विजेता

पोखरापत्र संवाददाता
पोखरा, ३१ बैशाख

बलराम केसी स्मृती कास्की जिल्ला लिगकम नकआउट फुटबल प्रतियोगिता २०८१ को उपाधि एलजी एशोसियसनले जितेको छ।

पोखरा रंगशाला आइतबार भएको फाइनल खेलमा भ्याली स्पोर्टस क्लबलाई ३-१ गोल अन्तरले हराउँदै एलजी एशोसियसन च्याम्पियन बनेको हो । एलजीको जितमा आशिष गुरुङ नायक बने। एलजीका लागि ३ गोल गरी उनले गरी ह्याट्रिक पुरा गरे। पहिलो हाफको १७ औ मिनेटमा गोलको खाता खोलेको उनले । दोस्रो हाफको २४ औ




र ३९ औ मिनेटमा गोल गर्दे व्याक्तिगत ३ गोल गरे। खेलको म्यान अफ दि म्याच पनि आशिष नै भए। उपाधी जितेको एलजीले शिल्ड,मेडल तथा प्रमाणपत्र सहित नगद १ लाख ११ हजार १ सय ११ प्राप्त गऱ्यो। त्यसैगरि उपविजेता भ्यालीलाई शिल्ड,मेडल तथा प्रमाणपत्र सहित नगद ६६ हजार ६६ सय ६६ प्रदान गरेको खेल संयोजक नर जङ्ग गुरुङले जानकारी दिए । प्रतियोगिताबाट एलजी एशोसियसनका यम बहादुर श्रेष्ठ सर्वोकृष्ट खेलाडी घोषित भएको एन्फा कास्कीका महासचिव बुद्धि क्षत्री खत्रीले जनाए। त्यसैगरि सोही क्लबकै आशिष गुरुङ उत्कृष्ट फरवार्ड र सर्वाधिक गोलकर्ता बने। भ्यालीका गोलकिपर सृजन श्रेष्ठ उत्कृष्ट गोलकिपर,एलजीको कन्या गुरुङ उत्कृष्ट डिफेन्डर र एलजीकै प्रेम छन्तयाल उत्कृष्ट मिडफिल्डर चुनिएका थिए । विजेता टोलीले प्रदेश स्तरीय फुटबलमा सिधै भाग लिन पाउने व्यवस्था छ। तर अहिले नै एन्फाले त्यसको निर्णय गरि नसकेको कास्की जिल्ला फुटबल संघका अध्यक्ष उज्वल रंजितले बताए । वैशाख १९ गतेबाट संचालन भएको फुटबल प्रतियोगितामा संघमा आबद्ध २१ क्लबले भाग लिएको थियो।

# वैशाखमा आगलागी र वन डढेलोबाट २६ को मृत्यु

पोखरापत्र संवाददाता
पोखरा, ३१ बैशाख

वैशाखमा अधिकतम् तापक्रममा वृद्धि भएसँगै मुलुकभर भएका आगलागी र वन डढेलोका घटनाबाट धेरै जनधनको क्षति भएको छ । वैशाखमा डढेलो तथा आगलागीका घट्नामा परी देशभर २६ जनाको मृत्यु भएको जनाइएको छ।

लामो समय सुक्खा खडेरी हुँदा वैशाखमा मात्र देशभर आगलागीका ८६१ र डढेलोका ५७३ घटना भएको राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ । आगलागीका घटनामा परी २० जनाको मृत्यु भएको थियो भने ७३ जना घाइते भएका थिए । त्यस्तै डढेलोका घटनामा परी छ जनाको मृत्यु भएको थियो भने १३ जना घाइते भएको प्राधिकरणका प्रवक्ता डिजन भट्टराईले जानकारी दिनुभयो । आगलागीबाट एक हजार ३६४ र डढेलोबाट ४०७ घरपरिवार प्रभावित भएका थिए।

त्यस्तै यस अवधिमा चट्याङबाट आठ जना, उचाईमा लेक लागेर दुई, बाढी र जनावरको आक्रमणबाट एक/एक जनाको मृत्यु भएको थियो । वन तथा भू-संरक्षण विभागले दिएको जानकारीअनुसार वैशाख महिनामा मात्र यति धेरै डढेलोका घटना भएको सम्भवतः पहिलो पटक हो । नेपालमा खासगरी माघदेखि जेठसम्म बढी आगलागी र डढेलो लाग्ने गरेको छ। नेपालमा विशेष गरी तराई र भित्री मधेसका जिल्लामा वन डढेलो बढी लाग्ने गरेको विभागको वन डढेलो सूचना कक्षका वन अधिकृत गोविन्दकुमार श्रेष्ठले जानकारी दिनुभयो । यस वर्ष हिउँदे वर्ष न्यून भएका कारण पनि वन डढेलो धेरै देखिएको विभागको भनाइ छ। डढेलोका कारणमध्ये स्थानीयले घाँसको मुना पलाउने आशमा जानाजानी आगो लगाउने गरेका छन् । डढेलो वन व्यवस्थापनको राम्रो औजार भए पनि त्यो नियन्त्रित हुनुपर्ने वन क्षेत्रको जानकारको भनाइ छ । वनजङ्गलमा मानिस वनभोज जाने र आगो त्यतिकै छोड्दा हुने आगलागी, बिँडी, चुरोटका ठूटाबाट समेत वन डढेलो लाग्ने गरेको उहाँले जानकारी दिनुभयो।

कतिपय संरक्षित क्षेत्रमा स्थानीयले प्रवेश गर्न नपाएको र स्रोतको प्रयोग गर्न नपाएको आवेगमा समेत आगो लगाउने गरेको देखिएको छ । पछिल्लो समय जलवायु परिवर्तन र वन डढेलो बीचको दुश्चक्रिय अन्तरसम्बन्धले समस्या जटिल बन्नुका साथै डढेलोका घटनासमेत वृद्धि भएको पाइएको जनाइएको छ।

# क्लबस्तरीय भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा

पोखरापत्र संवाददाता
पोखरा, ३१ बैशाख

पोखरामा जेठ २ देखि ५ गतेसम्म हुने प्रथम क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको छ।

नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा यही जेठ २ देखि ५ गतेसम्म हुने प्रथम क्लबस्तरीय पुरुष भलिबल प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको पोखरामा पत्रकार सम्मेनलन गर्दै जानकारी दिएको हो। नेपाली कांग्रेसको भातृसंगठन नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा हुने क्लबस्तरीय पुरुष भलिबलको प्रतियोगिताको विजेताले १ लाख २० हजार, उपविजेताले ८० हजार, तेस्रो हुने समूहले ४० हजार र सान्त्वना हुने समूहले २०



हजार रुपैयाँसहित ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने अध्यक्ष नविन पुनले बताए । पोखरा महानगरपालिका-३ नदीपुरस्थित छन्त्याल समाजको भलिबल कोर्टमा हुने क्लबस्तरीय भलिबल प्रतियोगितामा १२ टिमलाई मात्र समावेश गराईने प्रतियोगिता संयोजक लामा अमृत गुरुङले बताए।

'नेपाल लोकतान्त्रीक खेलकुद संघ कास्कीको आयोजनामा पोखरामा जेठ २ देखि ५ गतेसम्म हुने प्रतियोगितामा १२ टिमलाई मात्र समावेश गर्दै छौं', संयोजक गुरुङले भने, ' प्रतियोगितामा सहभागिता जनाउन एक टिममा सातौं, आठौं र नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश भएका ३ जना खेलाडी मात्र सहभागिता हुन पाउनेछ।'

प्रतियोगिता संयोजक गुरुङले भलिबल प्रतियोगिताको उद्घाटन समारोहको दिन निशुल्क प्रवेश रहेपनि जेठ ३ गतेदेखि टिकट शुल्क निर्धारण गरेको छ। प्रतियोगिताको दोस्रो दिन १ सय, सेमिफाइनलमा १ सय ५० र फाइनल खेलमा २ सय रुपैयाँ टिकट रहेको छ।

नेपाल लोकतान्त्रीक खेलकुद संघका केन्द्रीय अध्यक्ष देवेन्द्र कुमार शेरचनले गण्डकीका प्रदेशका ९ जिल्लामा विभिन्न खेलकुद प्रतियोगिताका विधाहरु सञ्चालन गर्दै आएको बताए।

'नेपाल लोकतान्त्रीक खेलकुद संघले गण्डकी प्रदेशको ९ जिल्लामा विभिन्न प्रतियोगिताहरु सञ्चालन गर्दै आएका छ', अध्यक्ष शेरचनले भने, 'खेलकुदका विभिन्न विधाहरु मध्ये कास्कीमा पहिलो पटक भलिबल प्रतियोगिता आयोजना हुन लागेको हो।'

# जिपीलाई एसियाकै ठूलो श्वासप्रश्वास उपचार केन्द्र बनाइँदै

पोखरापत्र संवाददाता
तनहुँ, ३१ बैशाख

जिल्लाको शुक्लागण्डकी नगरपालिका-५ बेलचौतारास्थित जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई एसियाकै ठूलो उपचार केन्द्र बनाउन पहल थालिएको छ।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाको राजकीय भ्रमणको सिलसिलामा भारत सरकारसँग भएको सहमतिअनुसार उक्त केन्द्रलाई श्वासप्रश्वाससम्बन्धी अन्तर्राष्ट्रियस्तरको अस्पताल निर्माण गर्न लागिएको हो । सन् २०१७ मा तत्कालीन प्रधानमन्त्री देउवाको भारत भ्रमणका बेला अन्तर्राष्ट्रियस्तरको अस्पताल निर्माण गर्ने सहमति भएको थियो। सोहीअनुरुप भारत सरकारको सहयोगमा तीन सय शय्या क्षमताको आधुनिक उपकरणसहितको पूर्वाधार निर्माण प्रक्रिया सुरु भएको केन्द्रका कार्यकारी निर्देशक डा रामकुमार श्रेष्ठले जानकारी दिनुभयो। भारत सरकारले तीन सय शय्याको श्वासप्रश्वास र नेपाल सरकारले सात सय शय्याको जनरल अस्पताल बनाएर एक हजार शय्या क्षमताको बनाउने लक्ष्य रहेको केन्द्रले जनाएको छ। स्वास्थ्य मन्त्रलायले परराष्ट्र मन्त्रालयमार्फत प्रक्रिया अघि बढाइएको छ", कार्यकारी निर्देशक डा श्रेष्ठले भन्नुभयो, "एक हजार शय्या अस्पतालका



लागि भौतिक संरचना निर्माण गर्न भवन विभागबाट विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भइसकेको छ ।" उहाँका अनुसार करिब सात सय रोपनी क्षेत्रफलमा जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्रलाई केन्द्रीय अस्पतालका रूपमा स्थापना गरी पचास शय्याको जनरल अस्पताल सञ्चालनमा ल्याइएको छ । केन्द्रले विशेषज्ञसहितका चिकित्सकबाट श्वासप्रश्वाससम्बन्धी उपचार सेवा दिन सुरु गरिसकेको डा श्रेष्ठले जानकारी दिनुभयो। हाल श्वासप्रश्वाससहित ५० शय्या क्षमताको जनरल अस्पताल सञ्चालन भइरहेको उहाँको भनाइ छ। "केन्द्रलाई श्वासप्रश्वाससम्बन्धी एसियाकै ठूलो अस्पताल बनाउने योजनामा लागेका छौँ", डा श्रेष्ठले भन्नुभयो, "यसले देशको स्वास्थ्य क्षेत्रमा अग्रणी फड्को मार्न सक्ने विश्वास लिइएको छ ।" उहाँका अनुसार केन्द्रमा तनहुँ, कास्की, गोरखा, लमजुङ र नवलपुरलगायत जिल्लाबाट दैनिक तीन सयको हाराहारीमा बिरामी उपचारका लागि आउने गरेका छन्।

"उपचारका लागि आउनेमध्ये करिब ८० प्रतिशत बिरामी बीमा गराएका हुन्छन्", कार्यकारी निर्देशक डा श्रेष्ठले भन्नुभयो। उहाँका अनुसार हाल केन्द्रमा एक सय दुई जना जनशक्ति कार्यरत छन् । साविक सेतीगङ्गा सामुदायिक अस्पतालका रुपमा सञ्चालन हुँदै आएकामा आर्थिक अभावले निरन्तरता दिन नसकेपछि विसं २०७३ मा नेपाल सरकारलाई हस्तान्तरण गरिएको थियो । पूर्वप्रधानमन्त्री स्व गिरिजाप्रसाद कोइरालाको राजनीतिक योगदानलाई उच्च मूल्याङ्कन गर्दै सरकारले जिपी कोइराला राष्ट्रिय श्वासप्रश्वास उपचार केन्द्र सञ्चालनमा ल्याएको थियो। केन्द्रले सघन उपचार कक्ष (आइसियु), शल्यक्रिया, हाडजोर्नी, नाक, कान र घाँटी, एक्से-रे, भिडियो एक्स-रे, ल्याब, श्वासप्रश्वासलगायत क्षेत्रमा विशेषज्ञ चिकित्सकबाट सेवा प्रदान गर्दै आएको जनाएको छ।

# नयाँ पुस्ता लक्षित शास्त्रीय सङ्गीत उत्सव

पोखरापत्र संवाददाता
पोखरा, ३१ बैशाख

पोखरामा नयाँ पुस्तालाई लक्षित गर्दै शास्त्रीय सङ्गीत उत्सव गरिएको छ।

आइतबार नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा-प्रतिष्ठानको शास्त्रीय सङ्गीत तथा परम्परागत विभागको आयोजनामा उत्सव गरिएको हो । कार्यक्रममा शास्त्रीय सङ्गीत समाज गण्डकी र विन्ध्यावासिनी धार्मिक विकास समितिले सहकार्य गरेको थियो।

सङ्गीतको व्याकरण शास्त्रीय सङ्गीतप्रति अकर्षण घटिरहेको समयमा नयाँ पुस्तालाई यसबारेमा जानकारी गराउन उत्सव गरिएको शास्त्रीय सङ्गीत तथा परम्परागत विभाग प्रमुख डक्टर किराँतले बताउनुभयो। प्रदीप सारुमगरको यमन रागबाट सुरु भएको उत्सव नृत्याङ्गना माया थापाको शास्त्रीय कथक नृत्यमार्फत बिट मारिएको थियो। उत्सवमा सङ्गीत र नृत्यका आठ प्रस्तुति राखिएको थियो।

उत्सवमा गण्डकीका कलाकारले तीन शास्त्रीय सङ्गीतको प्रस्तुति दिएको उत्सवमा काठमाडौँबाट आएका कलाकारकापाँचवटाप्रस्तुतिरहेका थिए।

गायिका सङ्गीता रानाप्रधान, गायक तीर्थराज पोखरेल, बाँसुरीवादक दुर्गाप्रसाद खतिवडा, नृत्याङ्गाना माया थापा, गायक प्रदीप सारुमगर, विमल लामिछाने, कोएष्टिक पौडेल र अभिषेक भुसालको प्रस्तुति थियो । उत्सवमा शास्त्रीय सङ्गीतको थरीथरीका रागमा पोखरेलीले झुम्ने अवसर पाएको शास्त्रीय सङ्गीत समाज गण्डकीका अध्यक्ष श्यामलाल श्रेष्ठले बताउनुभयो। राणाकालीन समयदेखि नै पोखरामा शास्त्रीय सङ्गीतको माहोल सुरु भएको उहाँले सुनाउनुभयो। राणाकालीन समयको अन्त्यसँगै शास्त्रीय सङ्गीत ओरालो लागेकामा श्रेष्ठको चिन्ता थियो।


विभाग प्रमुख किराँतले पश्चिमा सङ्गीतको प्रभावले सङ्गीतको व्याकरण शास्त्रीय सङ्गीतप्रति आकर्षण घटिरहेको बताउनुभयो। यो उत्सवले नयाँ पुस्तालाई शास्त्रीय सङ्गीतमा लाग्न प्रेरणा मिल्ने उहाँले विश्वास व्यक्त गर्नुभयो।


## कपालको उपचार

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

**के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?**

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :

» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## पाइल्स फिस्टुला, फिसर तथा पेट सम्बन्धीविशेषज्ञ डा. राजिव घिमिरे मात्र १ दिनको लागि पोखरा

धनवस्तरी आयुर्वेद हस्पिटल एण्ड रिर्सच सेन्टर, माता मनकामना आरोग्य तथा एनटिभी च्यानलको स्वास्थ्य सन्देश कार्यक्रममा परामर्शदाता एवं पाइल्स फिस्टुला, फिसर तथा पेट रोग सम्बन्धी डा. राजिव घिमिरे पोखरामा यही **मिति जेठ ५ गते शनिबार** आउन लाग्नु भएकाले स्वास्थ परिक्षण गरि सेवाको लाभ लिनुहोस् ।

हाम्रो सेवाहरु :

पाइल्स :कहिले पखाला, कहिले कब्जियत, पेट फुल्ने, मलद्धार दुख्ने चिलाउने, सुनिने आदि ।
फिस्टुला :मलद्धारको मुखमा खटिरा आउने, दिसा गर्दा दुख्ने, पीप निस्कने, पोल्ने, दिसा कब्जिय त हुँदा दुखाई बढि हुने
फिसर :मलद्धारमा घाउ देखिने, पिलो, दिसा गर्दा पोल्ने, दुख्ने एवम् दिशामा रगत देखिने
ग्याष्ट्रिक :मुखबाट अमिलो पानी आउनु, बाकवाकी हुने, पेट दुख्ने
अन्य रोगहरु :अल्सर, पत्थरी, पिसाब पोल्ने, दम, वाथ, सुगर, पिनास, हाइड्रोसिल आदि

नोट : पाइल्स, फिस्टुला, फिसर रोगको क्षारसुत्र विधिद्वारा विना अपरेशन उपचार गरिन्छ ।

बिरामी जाच्ने समय : बिहान ९ बजेदेखि बेलुकी ५ बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मार्गदर्शन एकेडेमीको ठीक अगाडि
फो न ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५
नयाँ तथा पुराना विरामीहरुले यथाशिघ्र सम्पर्क गर्नुहोला ।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफसेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# कांग्रेसको अर्घेलाई

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेश सभाबाट विश्वासको मत पाएका छन् । प्रदेश सभाको सोमबारको बैठकमा मुख्यमन्त्री कार्कीले राखेको विश्वासको मतको प्रस्ताव बहुमतले पारित भएको सभामुख अम्बरबहादुर विष्टले घोषणा गरे।कार्कीको पक्षमा ५७ मत परेको थियो। नेपाली कांग्रेसले बैठक बहिष्कार गरेकाले विपक्षमा मत परेन । त्यस्तै, राप्रपाका पाँच सांसद तटस्थ बसे। आजको बैठकमा ६२ सांसद उपस्थित थिए। ९३ सदस्यीय प्रदेश सभामा विश्वासको मतका लागि ४७ सांसदको समर्थन आवश्यक पर्छ ।

प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेसले भने प्रदेश सभा बैठक बहिष्कार गरेको थियो । नेपाली कांग्रेस भित्र विश्वासको मत दिने र नदिने भन्ने विवाद थियो । कांग्रेस संसदीय दलका नेता उद्धव थापा विश्वासको मत दिने पक्षमा थिए । निवर्तमान मुख्यमन्त्री केदार कार्की दिन नहुने पक्षमा थिए।केदार कार्कीलाई हिक्मत कार्कीले मुख्यमन्त्री बनाएका थिए । उद्धव कार्की विरुद्ध सर्वोच्च गएका हिक्मत कार्कीलाई उद्धव थापा सकारात्मक र केदार कार्की विरोधमा उत्रनु विडम्वना हो । मुख्यमन्त्री हिक्मतकुमार कार्कीको नियुक्ति विरुद्धको रिट सर्वोच्च अदालतमा विचाराधीन रहेकाले तत्काल विश्वासको मत लिन नहुने कांग्रेसको भनाइ थियो । मुख्यमन्त्री कार्की विरुद्धको मुद्दामा जेठ ९ गते सर्वोच्चमा पेशी तोकिएको छ ।

कांग्रेसको बहिष्कारबीच मुख्यमन्त्री कार्कीले विश्वासको मत लिएका हुन् । मधेश प्रदेश सभामा सबै विपक्षीले बैठक बहिष्कार गरेपनि मुख्यमन्त्री सरोज यादवले विश्वासको मत पाएका थिए । बहिष्कार गर्नु लाज छोप्ने टालो जस्तै हो। हिक्मतलाई नेकपा (एमाले)सँगै नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र जसपा नेपालका सांसदले मत दिए ।

हिक्मत कार्की नेपालको संविधानको धारा १६८ को उपधारा ५ बमोजिम वैशाख २७ गते मुख्यमन्त्री नियुक्त भएका थिए । आफू मुख्यमन्त्री छँदाछँदै प्रदेश प्रमुख परशुराम खापुङले कार्कीलाई मुख्यमन्त्री नियुक्त गरेको भन्दै कांग्रेस नेता एवं निवर्तमान मुख्यमन्त्री केदार कार्की त्यही दिन सर्वोच्च अदालत पुगेका छन । संसदमा संख्याको खेलबाट सरकार बन्ने हुँदा २९ सांसद भएको कांग्रेसले सत्तामा मै रहन पाउनुपर्छ भन्नू अलोकतान्त्रिक सोच हो ।

# आगामी मनसुनमा सरदरभन्दा बढी पानी पर्ने सम्भावनाः विभाग

**पोखरापत्र संवाददाता**
पोखरा, ३ वैशाख

जल तथा मौसम विज्ञान विभागले आगामी मनसुनमा देशका अधिकांश स्थानमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना रहेको जनाएको छ ।

राष्ट्रिय मनसुन फोरम, २०८१ ले आगामी मनसुनी अवस्थाबारे सोमबार आयोजित सार्वजनिक कार्यक्रममा विभागमा मौसमविद् सुदर्शन हुमागाईँले अधिकांश स्थानमा सरदरभन्दा ३५ दशमलव चार प्रतिशतदेखि ५५ दशमलव चार प्रतिशत अधिक वर्षा हुने सम्भावना रहेको जानकारी दिनुभयो । सुदुरपश्चिम प्रदेशको उत्तरी-पश्चिम भू-भाग, बागमति प्रदेशको दक्षिण-पूर्वी भू-भाग, मधेस प्रदेशको मध्य भू-भाग र कोशी प्रदेशको मध्य तथा मध्य-पश्चिम भू-भागमा सरदरभन्दा बढी वर्षा हुने सम्भावना ३५ दशमलव चार प्रतिशतदेखि ६५ दशमलव पाँच प्रतिशत छ ।

साथै कर्णाली प्रदेशको पश्चिमी भू-भाग, गण्डकी प्रदेशको मध्य भू-भाग तथा कोशी प्रदेशको उत्तर-पूर्वी भू-भागमा सरदर रहने सम्भावना ३५ देखि ४५ प्रतिशत रहेको विभागले जनाएको छ ।

साथै न्यूनतम तापक्रम देशका अधिकांश स्थानमा सरदरभन्दा बढी हुने सम्भावना ३५ देखि ६५ दशमलव चार प्रतिशत रहेको विभागको अनुमान छ ।

# प्रयोगमा नआई थन्कियो स्वास्थ्य उपकरण

**पोखरापत्र संवाददाता**
गण्डकी, ३१ वैशाख

गण्डकी प्रदेश सरकारको सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले बागलुङस्थित रक्तसञ्चार केन्द्रलाई दिएको रातो र सेतो रगत छुट्याउने उपकरण (कम्पानेन्ट सेन्ट्रीफ्युज) प्रयोगमा आउन सकेको छैन । थप उपकरण र प्राविधिक जनशक्ति अभावमा उक्त उपकरण एक वर्षदेखि थन्किएको हो । रु २३ लाख मूल्यको उक्त उपकरण गत वर्ष नेपाल रेडक्रस सोसाइटी जिल्ला शाखा मातहतको रक्तसञ्चार केन्द्रलाई उपलब्ध गराइएको थियो ।

रेडक्रस जिल्ला शाखाका सभापति जगन्नाथ आचार्यले मुख्य उपकरण आए पनि त्यसलाई सञ्चालन गर्न चाहिने सहयोगी उपकरण मन्त्रालयले नदिएको जानकारी दिनुभयो । "थप उपकरण किन्न हामीसँग आर्थिक अभाव छ, उपकरण चलाउन प्राविधिक जनशक्ति पनि छैन", उहाँले भन्नुभयो, "अपुग रहेको उपकरण पटकपटक माग गर्दा पनि मन्त्रालयबाट कुनै सुनुवाइ हुन सकेको छैन ।" धवलागिरि क्षेत्रमै पहिलोपटक उक्त उपकरण ल्याइए पनि सञ्चालनमा नआउँदा सेतो रगत आवश्यक पर्ने बिरामीलाई पोखरा पठाउनुपर्ने बाध्यता रहेको उहाँको भनाइ छ । रक्तसञ्चार केन्द्रका प्रमुख गुरुदत्त शर्माले डेङ्गु, कोरना, क्यान्सरलगायत बिरामीलाई सेतो रगत अत्यावश्यक पर्दा उक्त उपकरण चाहिने बताउनुभयो । "सेन्ट्रीफ्युज मेसिन आएको एक वर्षभन्दा बढी भइसक्यो तर सञ्चालनमा ल्याउन सकिएको छैन", उहाँले भन्नुभयो, "यसलाई चलाउन सिलर, कम्पोनेन्ट सेपरेटर, माइनस ४० डिग्रीको फ्रेफ्रीजेरेटरको खाँचो छ ।" उहाँले रक्तसञ्चार केन्द्रमा आफूमात्र कार्यरत रहेको उक्त उपकरण सञ्चालनका लागि थप तालिमप्राप्त जनशक्ति चाहिने बताउनुभयो । "रातो रगतबाट सेतो रगत छुट्याउन यो मेसिनको प्रयोग हुन्छ, सेतो रगत आवश्यक पर्ने बिरामीलाई बागलुङमै सो रगत उपलब्ध गराउन सकियोस् भनेर मेसिन ल्याइएको हो", इन्चार्ज शर्माले भन्नुभयो, "मन्त्रालयले पनि अपूरो सामान दिएकाले समस्या भयो, मेसिन सञ्चालनमा ल्याउन सबैले पहल गर्नुपर्ने देखिन्छ ।"

सभापति आचार्यले रक्तसञ्चार केन्द्रका लागि प्राविधिक जनशक्ति र उपकरण व्यवस्थापनका लागि प्रदेश सरकार, स्थानीय तह, धवलागिरि अस्पताललगायत विभिन्न सङ्घसंस्थासँग सहकार्य गर्ने तयारी भइरहेको बताउनुभयो । "रु एक करोडसम्मको कोष खडा गर्न सकियो भने रक्तसञ्चार केन्द्रलाई थप सुविधायुक्त र व्यवस्थित ढङ्गले सञ्चालन गर्न सकिन्छ", उहाँले भन्नुभयो, "सर्वसाधारणको स्वास्थ्य सेवासँग जोडिएको विषय भएकाले समाजका सबै पक्षको सहयोगको अपेक्षा गरिएको छ ।"

# कला, संस्कृतिको पुस्तान्तरणका लागि सङ्गीत प्रशिक्षण

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ वैशाख

म्याग्दीमा पुराना संस्कृतिको पुस्तान्तरण गर्ने उद्देश्यले युवाहरूलाई सङ्गीत प्रशिक्षण आयोजना गरिएको छ ।

श्रीकृष्ण गण्डकी ज्येष्ठ नागरिक सेवा केन्द्रले ज्येष्ठ नागरिकमा रहेका ज्ञान, सीप र अनुभव पुस्तान्तरणका लागि १० दिने सङ्गीत प्रशिक्षण आयोजना गरिएको हो । प्रशिक्षणका लागि सामाजिक विकास कार्यालय र बेनी नगरपालिकाले सहयोग गरेका थिए । सेवा केन्द्रका अध्यक्ष चन्द्रप्रसाद श्रेष्ठले नेपाली मौलिक बाध्यबाधन बजाउने सीप हराएर जाने अवस्थामा पुगेपछि नयाँ पुस्तामा सीप हस्तान्तरणका लागि सङ्गीत प्रशिक्षण दिइएको बताउनुभयो । वैशाख २१ देखि ३० गतेसम्म सञ्चालन भएको सङ्गीत प्रशिक्षणमा २० युवायुवती र १२ जना प्रौढहरूको सहभागिता थियो । तालिममा सारङ्गी, मादल, हार्मोनियम, तबेलालगायत बाध्यबाधनका सामाग्री बजाउन व्यावहारिक अभ्याससहितको प्रशिक्षण दिइएको केन्द्रका अध्यक्ष श्रेष्ठले जानकारी दिनुभयो । तालिम अवधिभर शक्ति छिनालले सारङ्गी, चन्द्रप्रसाद श्रेष्ठले तबला, प्रकाशकुमार श्रेष्ठले हार्मोनियम तथा बलराम शर्मा र पूर्णबहादुर जिसीले मादल बजाउन प्रशिक्षण दिनुभएको थियो । आइतबार सहभागीहरुले सिकेका सीपको समूहगत प्रस्तुतिसँगै प्रशिक्षणको समापन गरिएको छ । त्यसअवसरमा तालिममा सहभागी विभिन्न चार समूहले बाध्यबाधनसहित भजनकीर्तन प्रस्तुत गरेका थिए । कार्यक्रममा बेनी नगरपालिकाका उपप्रमुख ज्योति लामिछानेले परम्परागत लोकसङ्गीत र संस्कृतिको जगेर्ना गर्न ज्येष्ठ नागरिकमा रहेका ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्न आवश्यक रहेको बताउनुभयो । ''अहिलेका पुस्ता प्रविधिसँग जोडिएका छन्, उनीहरुलाई आफ्नो मौलिककला, संस्कृतिबारे जानकारी नै नहुने समस्या बढी छ । त्यसैले मौलिक संस्कृतिबारे जानकारी र कलासम्बन्धी क्षमता विकास गराउन सकियो भने नेपालीपनलाई जोगाइ राख्न यस्ता कार्यक्रमको आवश्यकता छ'',उहाँले भन्नुभयो ।

प्रशिक्षण समापन समारोहमा सामाजिक विकास कार्यालय, म्याग्दीका प्रमुख रमेश थापाले ज्येष्ठ नागरिकमा रहेका गीत, सङ्गीत, सीप, ज्ञान र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्दै मौलिक सङ्गीत र संस्कृतिको संरक्षणमा कार्यक्रमले रचनात्मक भूमिका खेल्ने बताउनुभयो । उहाँले पछिल्लो सयम नेपाली मौलिकता, कला, संस्कृति र परम्परा हराएर जाने चिन्ता व्यक्त भइरहेकाले कार्यालयले विभिन्न क्षेत्र, समुदाय र जातजातिका कला, संस्कृति, भेषभूषा र परम्पराको जगेर्नामा जोड दिएको बताउनुभयो ।

# छोराछोरीका लागि पोसिलो खाजा बनाउन अभिभावकलाई तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, ३१ वैशाख

प्याकेटमा बन्द गरिएका तयारी खाजाका कारण बालबालिकाको स्वास्थ्यमा नकारात्मक असर देखिन थालेपछि म्याग्दीको अन्नपूर्ण गाउँपालिकाले पोसिलो खाजा बनाउन अभिभावकलाई तालिम दिएको छ ।

गाउँपालिकाले दिवाखाजामा पत्रुखानालाई रोक्न जैविक (अर्गानिक) र स्थानीयस्तरमा उत्पादन हुने पोषणयुक्त खाजा अनिवार्य गर्न अभिभावकलाई पोसिलो खाजा बनाउन तालिम दिएको हो ।

चाउचाउ र बिस्कुटजस्ता पत्रुखाना दिवा खाजाका रुपमा प्रयोग गर्ने पूर्णरुपमा रोक लगाउँदै पोषणयुक्त खाजालाई मात्रै विद्यालयमा प्रयोग गर्नेगरी गाउँपालिकाले पहिलो चरणमा चार वडामा शिक्षक र अभिभावकको उपस्थितिमा तालिम दिइरहेको हो ।

गाउँपालिकाले वडा नं १ दोवा, वडा नं २ भुरुङ तातोपानी, वडा नं ३ दाना र वडा नं ६ घारमा तालिम सञ्चालन गरेको गाउँपालिका उपप्रमुख दिवा तिलिजा पुनले जानकारी दिनुभयो । "पोषणयुक्त खाजा बनाउन सिकाइएको छ, अब अर्गानिक बाहेकको खाजालाई प्रयोग गर्न नदिने गरी अभिभावकलाई नै तालिममा सहभागी गराइएको हो", उपाध्यक्ष पुनले भन्नुभयो । तालिमको सहजकर्ता बालकुमारी पुन र भगवती खड्काले बालबालिकाबाट पोषणयुक्त खानाको महत्वका बारेमा अभिभावकलाई जानकारी दिँदै गाउँघरमा पाइने पोसिलो खानेकुरा र रैथाने वस्तुको तयारी गर्ने प्रयोगात्मक अभ्यास गरिएको थियो ।

# जसपा आधिकारिकता विवाद सर्वोच्चमा

**रासस**
काठमाडौं, ३१ वैशाख

निर्वाचन आयोगले अशोक राई नेतृत्वमा गठन भएको जनता समाजवादी पार्टीलाई आधिकारिकता दिएकोप्रति असन्तुष्टि व्यक्त गर्दै जनता समाजवादी पार्टी (जसपा) नेपालका अध्यक्ष उपेन्द्र यादवले सर्वोच्च अदालतमा निवेदन दायर गर्नुभएको छ ।

निर्वाचन आयोगलगायतलाई विपक्षी बनाइ आज दायर गरेको रिट निवेदनमा राई नेतृत्वको जनता समाजवादी पार्टीलाई दिएको आधिकारिकताको निर्णयलाई खारेज गर्न माग गरिएको छ । रिट निवेदनमा भनिएको छ, "राजनीतिक दलसम्बन्धी ऐन, २०७३ विपरीत दल त्याग गरी जाने विपक्षी नम्बर २ देखि ८ सम्मका विपक्षीहरू रहेको संघीय संसदको सदस्य पद राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ३१ को अधिनमा रही खारेज गर्नु भनी परमादेशको आदेश जारी गर्दै निजहरूलाई सङ्घीय संसद्को सदस्यको हैसियतले कुनै पनि कार्य गर्न नदिनु भनी प्रतिशोधलगायत परमादेशको आदेश जारी गरी पाउँ ।"यही वैशाख २३ गते राईले जसपा विभाजन गरेर नयाँ पार्टी दर्ताका लागि निवेदन दिनुभएको थियो । सोही निवेदनको आधारमा निर्वाचन आयोगले यही वैशाख २४ गते आधिकारिकताको प्रमाणपत्र दिएको थियो । जसपा नेपालमा भएको विभाजनपछि उपेन्द्र यादवको पार्टीमा १२ मध्ये ५ मात्रै सांसद रहेका छन् । उक्त विवादमा आगामी जेठ २ गते प्रारम्भिक सुनुवाइका लागि पेसी तोकिएको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : सत्कार मिल्नेछ | तुला | : झमेला बढ्ने |
| वृष | : आर्थिक समस्या | वृश्चिक | : कार्यमा सफलता |
| मिथुन | : मानसिक तनाव | धनु | : शुभ यात्रा |
| कर्कट | : शारीरिक झमेला | मकर | : स्वास्थ्यमा सुधार |
| सिंह | : ब्यापारमा लाभ | कुम्भ | : सहयोग मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : अप्रत्यसित लाभ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्पर्कनुहोस् ।


# कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी १५ दिने अत्यन्त जरुरी सूचना ।

**(दोस्रो पटक प्रकाशित मिति २०८१/०२/०१ गते मंगलबार)**

यस श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि. को कार्यालयबाट तपशिलमा उल्लेखित ऋणीले व्यवसाय कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर समेत यसै संस्थासँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई सो सम्बन्धमा पटक पटक टेलिफोन, प्रत्यक्ष भेटघाट तथा विभिन्न मितिमा पत्राचार गर्दा समेत सो को वेवास्ता गरी संस्थालाई तिर्नु बुझाउनुपर्ने रकम नबुझाई कर्जा सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नुभएकोले ऋण कर्जा चुक्ता भुक्तान गर्नका लागि यो १५ दिने सूचना प्रकाशित गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस संस्थामा सम्पर्क राखि संस्थाबाट लिएको कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । उक्त अवधीभित्र तपाईले यस संस्थाबाट कर्जाको साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान नगरेमा धितो सुरक्षणमा रहेको चल अचल सम्पत्ति सहकारी ऐन अर्न्तगत दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउदछौं । सुरक्षणमा रहेको सम्पूर्ण धितो लिलाम बिक्री गर्दा समेत संस्थाको सम्पूर्ण लेना रकम असुल उपर नभएमा व्यक्तिगत धन जमानी कर्ताको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट बाँकी साँवा, ब्याज, हर्जाना तथा अन्य दै-दस्तुर असुल उपर गर्नका लागि अन्य कानुनी प्रक्रिया अगाडि बढाईने व्यहोरा ऋणी, धनजमानी कर्ता तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ ।

**तपशिलः**

**ऋणीको विवरण**

नामः प्रविण जंग अधिकारी
बाबुको नामः शेरजंग अधिकारी
बाजेको नामः बाल नरसिं
स्थायी ठेगानाः भीरकोट नगरपालिका-३, स्याङ्जा
हालको ठेगानाः पुतलीबजार नगरपालिका-३, स्याङ्जा
नागरिकता नं.: १२०६०
जारी मिति र जिल्लाः २०५०/०३/०३, स्याङ्जा



धितो सुरक्षणको विवरणः प्रविण जंग अधिकारीको नाममा मालपोत कार्यालय, स्याङ्जामा दर्ता श्रेष्ठा कायम रहेको साविक स्याङ्जा पुतलीबजार-५, हाल पुतलीबजार नगरपालिका -३, कालीमाटी स्थित कित्ता नं. २२७५ को क्षेत्रफल ०-५-०-१ को जग्गा ।

**श्री इनर्जेटिक बचत तथा ऋण सहकारी संस्था लि.**
**SHREE ENERGETIC SAVING & CREDIT CO-OPERATIVE SOCIETY LTD.**
इनर्जेटिक
केन्द्रीय कार्यालयः
पुतलीबजार नगरपालिका-१, स्याङ्जा
फोन नं.: ०६३-४२००२४

# कालिका मन्दिरको इतिहास समेटिँदै

**रासस**
बागलुङ, ३१ बैशाख

कालिका मन्दिरको उद्यानमा अहिले डोला बोकेका दुई जनासहित तीन व्यक्तिको प्रतिमा स्थापित गरिएको छ । अगाडि एक जना तरबार (खड्ग) बोकेका व्यक्ति र त्यसपछि दुई जनाले डोला बोकेको प्रतिमा स्थापना गरिएको हो ।

तर उक्त पुर्खाहरुको तस्बिरसहितको प्रतिमाको विषयमा उद्यानमा पुगेका अधिकांश धार्मिक पर्यटकले भेउ नै पाउदैनन् । प्रतिमा कतिपयले पर्यटक आकर्षण गर्न निर्माण गरेको कला भने त केहीले कालिका मन्दिरलाई सहयोग गर्ने दाताको शालिक भने उक्त प्रतिमा कालिका मन्दिरको इतिहासलाई झल्काउने खालको छ । कालिका भगवती गुठी व्यवस्थापन समितिले पर्वत जिल्ला कुस्मा नगरपालिका-१० का कलाकार प्रकाश परियारको सहयोगमा कालिका मन्दिर स्थापनाको इतिहास समेटिएको तीन जना पुर्खाको प्रतिमा निर्माण गरेको हो । गण्डकी प्रदेशकै उत्कृष्ट धार्मिक पर्यटकीय क्षेत्रका रुपमा रहेको कालिका भगवती मन्दिर बागलुङ स्थापनाका विषयलाई आमजनमानसमा पुऱ्याउन चित्र (प्रतिमा) स्थापना गरिएको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । उहाँले कालिका मन्दिर कसरी स्थापना भयो भन्ने विषयलाई प्रतिमाले प्रष्ट देखाउने बताउनुभयो । विसं १५९१ मा कालिका मन्दिर स्थापना गरिएको थियो । कालिका मन्दिर स्थापना भएको किंवदन्तीका आधारमा उक्त प्रतिमा निर्माण गरिएको हो । तीन जनामध्ये प्रतिमामा अघिल्ला व्यक्तिले खड्ग बोक्नुभएको छ भने पछिल्ला दुई जनाले डोला बोक्नुभएको छ । विसं १५९१ मा पर्वते राजा प्रतापी नारायणसिंह मल्लले पाल्पाका राजा मनिमुकुन्द सेनकी छोरीसँग विवाह गर्नुभएको थियो । विवाहमा राजकुमारीले आफूसँगै दाइँजोका रुपमा ल्याएकी कालिका देवीको मूर्ति डोलामा बोकेर यही कालिका मन्दिर रहेको स्थानसम्म ल्याइएको थियो । राजकुमारी कालिका देवि भएको अनन्य भक्त हुनुहुन्थ्यो । कालिका देविको मूर्ति अहिले कालिका मन्दिर रहेको स्थानमा ल्याएर बिसाइएको थियो । डोलामा बोकेर ल्याइएको मूर्ति बिसाइएको भोलिपल्ट मूर्तिसहितको डोली उठाउन खोज्दा डेग नचलेपछि बागलुङका चक्र पुवार र लङ गाउँका दुई जना मगरलाई सहयोगका लागि बोलाइएको किंवदन्ती रहेको कालिका भगवती गुठी व्यवस्थापन समितिका अध्यक्ष कुमार खड्काले बताउनुभयो । उहाँले कालिका मन्दिर स्थापनाको सन्र्दभलाई प्रतिमामा उतारिएको बताउनुभयो । उक्त ठाउँमा राजाको इच्छाअनुसार डेग नचलेको कालिका देविको मूर्ति त्यही कालिका मन्दिर निर्माण गरेको स्थापना गरिएको थियो । मन्दिर स्थापनादेखि हालसम्म बागलुङका पुवाँर खड्काहरुले पुजारीका रुपमा कालिका मन्दिरमा मूल पुजारीका रुपमा पूजा गर्दै आएका छन् । "कालिका मन्दिर कसरी स्थापना भयो भन्ने इतिहास अहिले स्थापना भएको खड्ग बोकेका चक्र पुँवार र डोला बोकेका उनका दुई साथीहरुको प्रतिमाले प्रष्ट देखाउँछ", खड्काले भन्नुभयो, "महत्वपूर्ण इतिहास मेटिन सक्छ भनेर एक लाख ५० हजार खर्चेर प्रतिमा बनाइएको हो जसले चार सय ९० वर्ष पुरानो इतिहासलाई मेट्न दिदैन ।"बागलुङ कालिका भगवती मन्दिरमा पूजाअर्चना गर्दा मनोकाङ्क्षा पूरा हुने जनविश्वास रहिआएको छ । त्यही विश्वासका आधारमा यहाँ हजारौं खसीबोका, राँगा तथा हाँस कुखुराको बलि दिने गरिन्छ भने परेवालाई उडाउने चलन रहेको छ । कालिका मन्दिरमा दसैं र चैते दसैंको समयमा दर्शनार्थीको ठूलो भीड लाग्ने गर्दछ । यहाँ चैते दसैंकाअवसरमा ठूलो मेला लाग्दै आएको छ । सङ्घीय सरकारको एक सय पर्यटकीय गन्तव्यका रुपमा सूचीकृत कालिका मन्दिरको इतिहास क्यूआर कोडमार्फत अध्ययन गर्नसक्ने व्यवस्था बागलुङ नगरपालिकाले मिलाएको बागलुङ नगरपालिकाका उपप्रमुख राजु खड्काले बताउनुभयो ।

# मादीमा असला र सहर संरक्षण

**पोखरापत्र संवाददाता**
दमौली, ३१ बैशाख

तनहुँ जलविद्युत् आयोजनाले सञ्चालन गरेको मादी नदी माछा संरक्षण कार्यक्रम कार्यान्वयनमा ल्याइएको छ । आयोजनाको मस्त्य संरक्षण व्यवस्थापन योजनाअन्तर्गत कार्यान्वयनमा ल्याइएको मादी नदी माछा संरक्षण कार्यक्रमका विषयमा प्रभावित क्षेत्रका बासिन्दालाई जानकारी दिन सन्देशमूलक सन्देश प्रसारण थालिएको छ ।

असारदेखि भदौ महिनासम्म माछाको प्रजनन समय हुनेहुँदा उक्त अवधिभर मादी नदीमा माछा नमार्न तथा प्रतिबन्ध लगाइएका क्रियाकलाप गरिएमा हुने कानुनी कारबाहीलगायतका विषयमा प्रभावित क्षेत्रका बासिन्दालाई सचेत गराउन थालिएको तनहुँ जलविद्युत् आयोजनाका प्रमुख श्यामजी भण्डारीले जानकारी दिनुभयो । उहाँले भन्नुभयो, "दमौलीदेखि भैंसेपुलसम्म करिब ४५ किलोमिटरको क्षेत्रमा माइकिङ गर्दै प्रसारण गरिएको छ । सन्देशमूलक सूचना दमौलीमा सञ्चालित एफएम रेडियोबाट पनि प्रसारण गर्न सुरु गरिएको छ भने कास्की जिल्लाका रेडियोबाट चाँडै सुरु गरिनेछ ।"

आयोजनाले निर्माण गर्ने बाँधका कारण सेती नदीको प्राकृतिक बहावमा अवरोध उत्पन्न भई मुख्यरुपमा त्यहाँ पाइने रैथाने असला तथा सहर माछाको जीवन जोखिममा पर्ने देखिएको छ । त्यसको संरक्षणका लागि सेती र मादी नदीको सङ्गमस्थलबाट करिब ४५ किलोमिटर मादीको माथिल्लो तटीय क्षेत्रमा मत्स्य संरक्षण योजना कार्यान्वयनमा ल्याइएको भण्डारीको भनाइ छ । उहाँका अनुसार व्यास नगरपालिका वडा नं ३, ४, ५, ६, ७ तथा १०, लमजुङको मध्यनेपाल नगरपालिका- ४, ५, ६, ७ तथा ८, कास्कीको रुपा गाउँपालिका वडा नं १, ३, ७, मादी गाउँपालिका- ४, ५, ९, १०, ११ र १२ लाई प्रभावित क्षेत्र मानिएको छ । मस्त्य व्यवस्थापन योजनाअन्तर्गत तनहुँको ऋषिङ गाउँपालिका-१ झापुटारस्थित आयोजनाको कार्यालय तथा आवास परिसरमा मस्त्य ह्याचरी निर्माणका लागि पोखरी खन्ने काम भइरहेको जनाइएको छ । राष्ट्रिय मस्त्यविज्ञको उपस्थितिमा ठाउँ छनोट, लागत तथा डिजाइन गरी ह्याचरीका संरचना निर्माण गर्न काम अगाडि बढाइएको भण्डारीले बताउनुभयो ।

योजना कार्यान्वयनका लागि मादी नदीको तटसँग जोडिएका तनहुँको व्यास तथा लमजुङको मध्यनेपाल नगरपालिका प्रमुखहरु, कास्कीको मादी तथा रुपा गाउँपालिकाका अध्यक्षहरु, तनहुँ हाइड्रोपावर लिमिटेड र बोटे समाजको प्रतिनिधि रहने गरी माछा संरक्षण समन्वय समिति गठन गरिएको छ ।

मादी नदीमा माछा संरक्षण गर्ने विषयमा स्थानीय पालिकाहरुको साझा सरोकार र साझेदारीको विषय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्थाबमोजिम समिति गठन गरिएको हो । जलचर संरक्षण ऐन, २०१७ मा भएको व्यवस्थाबमोजिम माछा संरक्षण योजना व्यावहारिकरुपमा कार्यान्वयनमा ल्याइएको जनाइएको छ ।

# प्लाष्टिकका झोला प्रयोगकर्ता तथा उत्पादकलाई जरिवाना

**पोखरापत्र संवाददाता**
तनहुँ, ३१ बैशाख/रासस

तनहुँको व्यास नगरपालिकाले प्लाष्टिकजन्य निषेधित वस्तु प्रयोग गर्ने प्रयोगकर्ता, बिक्रेता र उत्पादकलाई जरिवानाको व्यवस्था गरेको छ ।

नगरपालिकाले प्लाष्टिकजन्य निषेधित वस्तु प्रयोगमा रोक लगाउने अभियान सञ्चालनका लागि सम्पूर्ण तयारी भइसकेको जनाउँदै प्रयोग गर्ने/गराउनेले जरिवाना गरिने जनाएको छ ।

आगामी जेठ १ गते (मङ्गलबार)देखि व्यास नगरपालिकालाई प्लाष्टिक झोलामुक्त घोषणा गरिँदै छ । सो दिनपछि प्लाष्टिक झोला प्रयोगकर्तादेखि उत्पादकसम्मलाई जरिवाना शुल्क निर्धारण गरिएको नगरपालिकाका वन तथा वातावरण समिति संयोजक रनसिं नेपालीले जानकारी दिनुभयो । उहाँका अनुसार यही वैशाख २३ गते कार्यपालिकाले 'व्यास नगर प्लाष्टिकजन्य वस्तु प्रतिबन्धसम्बन्धी कार्यविधि-२०८१' पारित गरिसकेको छ । प्लाष्टिकका झोला प्रयोगकर्तालाई प्रथम पटक रु १०, दोस्रो पटक रु ५० जरिवाना शुल्क तोकिएको नेपालीले बताउनुभयो । प्लाष्टिक झोला बिक्रेतालाई प्रथम पटक रु पाँच सय, दोस्रो पटक रु एक हजार र तेस्रो पटकदेखि हरेक पटक रु तीन हजारका दरले जरिवाना हुने व्यवस्था गरिएको उहाँको भनाइ छ । उत्पादकलाई प्रथम पटक रु दुई हजार, दोस्रो पटक रु चार हजार र तेस्रो पटक रु छ हजार जरिवानाको व्यवस्था गरिएको छ । तत्पश्चात् पनि प्लाष्टिकका झोला प्रयोग गरेको भेटिएमा नाम सार्वजनिक गरी अन्य दण्ड सजायँ हुने प्रावधान रहेको नेपालीले जानकारी दिनुभयो । कार्यविधिको उल्लङ्घन गर्ने उत्पादक र बिक्रेतालाई नगरपालिकाले व्यवसायिक दर्ता खारेजी तथा कारोबार बन्दका साथै पालिकाबाट प्रदान गरिने सबै प्रकारका सेवा बन्द गर्न सकिने चेतावनी दिएको छ । नगर क्षेत्रमा निषेधित प्लाष्टिकजन्य वस्तु उत्पादन, बिक्रीवितरण, आयातनिर्यात, भण्डारण तथा प्रयोग गरेको सूचना दिने व्यक्ति, जफत गर्ने कार्यमा संलग्न अनुगमन समितिका सदस्य तथा कर्मचारीलाई जरिवाना रकमको ५० प्रतिशत दामासाहीले पुरस्कार प्रदान गर्ने व्यवस्था गरिएको नगर उपप्रमुख इन्दिरा दरैले जानकारी दिनुभयो । नगरभित्रका दिदीबहिनीलाई झोला बनाउने तालिम प्रदान गरी स्वरोजगार बनाउने अभियान नगरपालिकाले लिएको उहाँको भनाइ छ । महिलाहरुले उत्पादन गरेका कपडाका झोला प्रत्येक पसलपसलमा पुगिसकेका छन्", उहाँले भन्नुभयो, "नगरलाई सुन्दर र स्वच्छ बनाउने अभियानमा आमनगरवासी एकजुट भएर लाग्नुपर्छ ।" नगरपालिकाले कपडाका झोला बनाउने तालिम प्रदान गर्नुका साथै पहिलो पटक प्लाष्टिकजन्य झोला प्रयोगमा रोक अभियान सुरु गदैछ । गत चैत र यही वैशाखमा व्यासका चौध वटै वडामा पुगेर प्लाष्टिकका झोलाका विषयमा सचेतना गराउने कार्य सम्पन्न गरिएको नगर कार्यालयले जनाएको छ ।

स्थानीय टोल विकास संस्था, सामाजिक सङ्घसंस्था, जनप्रतिनिधि, उद्योगी, व्यवसायी, मासु, दुग्ध, कपडा, किरानालगायत सबै व्यापारी, तनहुँ उद्योग वाणिज्य सङ्घसँग व्यापक छलफल गरी अभियान अघि बढाइएको हो । नगरभित्र दैनिक एक हजार दुई सयदेखि एक हजार पाँच सयसम्म प्लाष्टिकका झोला प्रयोग हुँदै आएको छ । प्लाष्टिकलाई न्यूनिकरण गर्न सकिए मात्रै सहरी सौन्दर्यमा वृद्धि भई वातावरण प्रदूषणलाई न्यूनीकरण गर्न सकिने व्यासका सरसफाई विज्ञ कृष्ण भण्डारीले बताउनुभयो ।

# कालीगण्डकीका शालग्राम शिलाको नामकरण गरिँदै

**पोखरापत्र संवाददाता**
पर्वत, ३१ बैशाख

दामोदरकुण्ड र मुक्तिनाथबाट उत्पत्ति भई बग्ने कालीगण्डकी नदी किनारका सबै शालग्राम शिलाको नामाकरण गरिने भएको छ । चोरीनिकासी रोक्ने उद्देश्यले नदीका दुवै किनारमा रहेका शिलाको नामाकरण गर्न थालिएको हो ।

प्रकृति र पर्यावरण तथा शालग्राम संरक्षण समिति जलजला गाउँपालिकाले म्याग्दीको गलेश्वरधामदेखि पर्वतको धार्मिक एवम् पर्यटकीयस्थल मोदी बेणीधामसम्म रहेका सबैखाले शालग्राम शिलाको नामाकरण गर्न लागिएको जनाएको हो । समितिका संयोजक तारा रेग्मी पाध्याले आगामी जेठ ६ गते श्रीकृष्ण मोहिनी एकादशी तिथिको अवसरमा एक दिने शालग्राम महोत्सव आयोजना गरी सबै शिलामा देवी, देवता र भगवानका नामबाट नामाकरण गरिने जानकारी दिनुभयो । उहाँले त्यसदिन प्रत्येक भक्तजनले एक सय आठ शिलामा भगवान नामोच्चरण लेख शिलाङ्कित गरी पुण्य कमाउन पनि अनुरोध गर्नुभयो । संरक्षण समितिका सचिव हरेमबहादुर खत्रीले कालीगण्डकी नदी र शालग्राम शिलालाई विश्वसम्पदा सूचीमा समावेश गर्न, नदीको स्वच्छता र पवित्रता कायम गरी प्रकृति र पर्यावरणको जगेर्ना गर्न समितिले अभियान थालेको बताउनुभयो । किनारमा रहेका साना, ठूला, चक्राङ्कित, निष्चक्राङ्कित सबै शिलाको संरक्षणका लागि यो अभियान थालिएको उहाँको भनाइ छ । शिलाको नामाकरणपछि चोरी, निकासी वा उत्खनन् गरेमा पनि खोजी गर्न सहज हुने समितिले जनाएको छ । पछिल्लो समय अवैधरूपमा भइरहेको नदी दोहनका कारण शालग्राम शिलाको अस्तित्व संकटमा पर्दै गएको छ । बहुमूल्य र धार्मिकरूपमा महत्वपुर्ण मानिने शालग्राम शिला ढुङ्गा, गिट्टी र चोकरको रूपमा प्रयोग भइरहेको छ । हिन्दू धार्मिक मान्यताअनुसार शालिग्राम पाइने भएकाले कालीगण्डकीलाई पवित्र नदी मानिन्छ । त्यसमा पनि नदी किनारमा ऋषिहरू पुलह, पुलत्स्, कपिल र जडभरतले तपस्यागरी सिद्धीप्राप्त गरेको पौराणिक मान्यता भएकाले यहाँको शिला धार्मिक हिसावले महत्वपूर्ण मानिएको पण्डित लोकनाथ आचार्यको भनाइ छ । कालीगण्डकी नदीको निरन्तर जलप्रवाहले पवित्र बनेका शिलाबाट मूर्ति बनाउन र दैनिक घरमा पुजन गर्दा राम्रो हुने विश्वास गरिएको छ । शालग्रामलाई हिन्दू धर्मावलम्बीले विष्णुको अवतारका रूपमा समेत पुज्ने गर्दछन् । हरेक घरमा पाँचवटा शालग्राम शिला राखेमा उक्त घर पवित्र मानिन्छ । हिन्दूहरूको पवित्र तीर्थस्थल दामोदरकुण्ड क्षेत्रबाट उत्पत्ति आउने गण्डकी र मुक्तिनाथबाट उत्पत्ति भएको कागखोला कागबेनी भन्ने स्थानमा भेट भएपछि यसलाई कालीगण्डकी भनिएको हो ।

यो नदीबाट मूर्ति निर्माण तथा शिला पुजनका लागि स्वदेशमा मात्रै होइन विदेशमासमेत शिला लैजानेक्रम बढ्दै गएको छ ।

# जलविद्युत् छ तर बत्ती बल्दैन

**डम्मर बुढामगर**
बागलुङ, ३१ बैशाख/रासस

बागलुङको तमानखोला गाउँपालिका-६ नर्जाखानीमा केन्द्रीय प्रसारण लाइन नपुग्दा गाउँ अन्धकारमा बस्न बाध्य छन् । वर्षौंदेखि यहाँस्थित लघु जलविद्युत्को भरमा रहेका स्थानीय पछिल्लो समय खोलामा पानीको मात्रा घटेपछि अन्धकारमा बस्न बाध्य हुन् ।

पानीको बहान कम हुँदै गएपछि विद्युत् उत्पादन कम पनि घटेको बताइएको छ । यतिबेला स्थानीयलाई एउटा चिम (बल्ब) बल्न पनि मुस्किल परेको छ । साथै वडा कार्यालयबाट सेवा प्रवाहमासमेत समस्या हुँदै आएको छ । हिउँदको समय खोलामा पानीको बहाव घट्ने हुँदा विद्युत् आपूर्ति हुन नसक्ने र बर्खामा बाढीले नहर बगाइदिँदा स्थानीय मारमा पर्दै आएका छन् । विद्युत् नियमित नहुँदा वडा कार्यालयबाट प्रवाह हुने सेवासमेत प्रभावित बन्दै आएको तमानखोला-६ का वडाध्यक्ष चित्रबहादुर छन्त्यालले बताउनुभयो । जलविद्युत् भए पनि रातमा अन्धकारमा बस्नुपर्ने बाध्यता यहाँका स्थानीयको रहेको उहाँको भनाइ छ ।

"वडा कार्यालयमा कम्प्युटर, प्रिन्टरदेखि आवश्यब सबै इलेक्ट्रोनिक सामान छन् तर विद्युत् आपूर्ति नहुँदा हस्तलिखित सेवा प्रवाह गर्नु पर्ने बाध्यता छ", वडाध्यक्ष छन्त्यालले भन्नुभयो, "आधुनिक प्रविधिको विकासले कामकाजलाई छिटो र छरितो बनाए पनि विद्युत्को समस्याका कारण प्रविधिदेखि टाढा हुनु परेको छ ।" जिल्लाकै सबैभन्दा विकट मानिने यस ठाउँमा अहिलेसम्म केन्द्रीय प्रसारण लाइन नपुग्दा सयौं नागरिकले समस्या खेप्नु परेको वडध्यक्ष छन्त्यालले बताउनुभयो । "यस वडामा नर्जाखानी, भित्रिवन र पाल्ते गरी तीन वटा बस्ती छन् । तीन वटै बस्तीमा तीन वटा साना लघु जलविद्युत् छन् । तर हिउँदको समयमा खोलामा पानी कम हुँदा एउटा बत्तिसमेत बाल्न गाह्रो हुने गरेको छ", उहाँले भन्नुभयो । नर्जाखानीमा ११ किलोवाटको बराहगोठ खोला लघु जलविद्युत् आयोजना, पाल्तेमा तीन किलोवाटको खालीखोला लघु जलविद्युत् आयोजना र भित्री वनमा छ किलोवाटको बराहथानखोला लघु जल विद्युत् आयोजना सञ्चालनमा रहेका वडध्यक्ष छन्त्यालले जानकारी दिनुभयो । यी सबै आयोजनामा दिनभरि ट्याङ्कीमा पानी जम्मा गर्ने र बिहान बेलुका बत्ती मात्रै बाल्ने गरी व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । "अहिले एक घण्टा ड्याममा पानी जम्मा गर्ने, एक घण्टा विद्युत् बाल्ने गरिरहेका छौं । यसरी काम गर्दा सेवाग्रही निकै मर्कामा परेका छन् । बर्खामा खोला उर्लेर आउँछ, नहर र 'पावर हाउस' बगाएन भने बत्ती बाल्ने हो नत्र अन्धकारमै बस्नुपर्छ । हिउँदमा खोला ह्वात्तै घट्ने हुँदा पानी पुग्दैन", वडध्यक्ष छन्त्यालले भन्नुभयो, "सेवाग्राही आउँछन्, प्रिन्ट गरेर प्रमाणपत्र दिनुपर्ने, घटना दर्ता गर्नुपर्ने हुन्छ । बिजुली नआएपछि हस्तलिखितमार्फत काम गरिरहेका छौं । प्रविधिको विकास भए पनि केन्द्रीय प्रसारण लाइन नपुग्दा स्थानीयले सास्ती खेप्नु परेको छ ।" अति आवश्यक काम कम्प्युटरमार्फत गर्नु परे विद्युत् गृहमा फोन गरेर एक/दुई घण्टा लाइन मागेर छिटोछिटो काम गर्नुपर्ने स्थिति रहेको वडध्यक्ष छन्त्यालको भनाइ छ । यस वडामा २५० घरधुरीका करिब पन्ध्र सय जनसङ्ख्या रहेको उहाँले जानकारी दिनुभयो ।

यहाँ रहेको नर्जाखानी आधार भूत स्वास्थ्य सेवा केन्द्रमा भने सोलार जडान गरिएको वडध्यक्ष छन्त्यालले बताउनुभयो । विद्युत् आपूर्ति नहुँदा विद्यालयमा रहेका कम्प्युटर र प्रोजेक्टर यतिकै थन्क्याउनु परेको उहाँको भनाइ छ । हिउँदमा बिहान एक घण्टा र बेलुकी तीन घण्टा बत्ती मात्रै बाल्न सकिने छन्त्यालले बताउनुभयो । नेपाल विद्युत् प्राधिकरण बागलुङ वितरण केन्द्रका प्रमुख पवन पौडेलले नर्जाखानी गाउँमा अघिल्लो वर्ष नै म्याग्दीबाट केन्द्रीय प्रसारण लाइन ल्याउने योजना बनाइएको भन्दै बजेट अभावका कारण कार्यान्वयन नभएको बताउनुभयो । यस वर्ष नर्जाखानीसहित तमानखोलाका सबै वडामा लाइन पुऱ्याउनका लागि ठेक्का आह्वान प्रक्रिया अगाडि बढाइएको उहाँको भनाइ छ । आगामी असोज/कात्तिकसम्मनर्जाखानीमा केन्द्रीय लाइन पुऱ्याउने गरी काम भइरहेको प्रमुख पौडेलले जानकारी दिनुभयो । "अहिले ठेक्का आह्वान प्रक्रियाको काम भइरहेको छ । अघिल्लो वर्षको बजेटले धेरै काम भए पनि नर्जाखानीसम्म केन्द्री लाइन पुऱ्याउन सकिएन", उहाँले भन्नुभयो, "सो ठाउँमा म्याग्दीबाट ल्याउने योजना बनाइएकामा विविध कारणले कार्यान्वयन भएन । यस वर्ष बागलुङबाट लैजाने गरी काम भइरहेको छ । नयाँ ठेक्का लागेसँगै असोज/कात्तिकसम्ममा विद्युत् पुग्छ ।"


## शिक्षक आवश्यकता

प्रकाशित मितिः २०८१/०२/०१

पोखरा महानगरपालिका नगर कार्यपालिका कार्यालय शिक्षा महाशाखाको मिति २०८१/०१/३१ गतेको पत्र संख्या ०८०/८१ च.न. ८२८ को पत्रअनुसार यस श्री सरस्वती बीरमाया आ. वि. मा रिक्त रहेको प्रा.वि. तह तृतीय श्रेणीको करार शिक्षक नियुक्तिको लागि विज्ञापन गर्न अनुमति प्राप्त भएकोले यस विद्यालयको मिति २०८१/०१/३१ गतेको वि.व्य.स.को बैठक निर्णय अनुसार यो विज्ञापन प्रकाशित गरिएको छ । तपशिलमा उल्लेखित योग्यता पुरा भएका इच्छुक नेपाली नागरिकहरुबाट आवेदनको लागि अनुरोध गरिन्छ ।

**तपशिल**

पदः प्रा.वि. करार शिक्षक संख्याः १ जना
तलव स्केलः नेपाल सरकारको प्रचलति नियम सरह
उमेरः १८ वर्ष पुरा गरी ४० वर्ष ननाघेको
योग्यताः न्यूनतम कक्षा १२ पास वा सो सरह
आवश्यक कागजातहरुः
- हस्तलिखित निवेदन
- नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपि १ थान
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १ थान
- स्थायी अध्यापन अनुमति पत्रको प्रतिलिपि १ थान

दरखास्त दिने अन्तिम मितिः २०८१/०२/१५ गते ४:०० बजेसम्म
निवेदन दस्तुरः रु १०००।-
परीक्षाको किसिमः लिखित र अन्तवार्ता
परीक्षा हुने स्थानः शिक्षा महाशाखा पोखरा

**श्री सरस्वती बीरमाया आधारभूत विद्यालय**
**पोखरा-२०, मौजा, कास्की**
**सम्पर्क नं.ः प्र.अ. ९८१६६९०३५३ अध्यक्षः ९८२५१५०९४२**